**नेपाल राष्ट्र बैंक**

**केन्द्रीय कार्यालय**

**भुक्तानी प्रणाली विभाग**

मितिः- २०७६/०६/०९

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित सबै संस्थाहरु ।

विषयः **अ.प्रा.निर्देशन नं. १ र ३ मा थप गरिएको सम्बन्धमा** ।

महाशय,

यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई मिति २०७३/१०/१७ मा जारी गरिएको अ.प्रा. निर्देशन नं. १/०७३ र अ.प्रा. निर्देशन नं. ३/०७३ मा देहाय बमोजिम थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. अ.प्रा. निर्देशन नं. १/०७३ को बुँदा नं. ४ मा खण्ड (छ) थप गरिएको सम्बन्धमा ।

   बैंक तथा वित्तीय संस्थाहरुबाट सञ्चालित सम्पूर्ण ए.टि.एम. बुथहरुमा २४ सै घण्टा अनिवार्यरुपमा सुरक्षा गार्डको व्यवस्था गरी बुथहरुको विशेष निगरानी गर्नु पर्नेछ । साथै, ए.टि.एम. बुथहरुमा कुनै व्यक्ति वा समूहबाट शंकास्पद गतिविधी भएको शंका लागेमा यथाशीघ्र संस्थाले तोकेको पदाधिकारी/निकायमा तत्काल सूचित गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२. अ.प्रा.निर्देशन नं.३/०७३ को बुँदा नं. २ मा खण्ड (औ) थप गरिएको सम्बन्धमा ।

   भुक्तानी प्रणाली परीक्षण (System Audit) बाट प्राप्त भएका कैफियतहरु यथाशीघ्र सुधार गरी नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागमा जानकारी गराउनु पर्नेछ ।

३. अ.प्रा.निर्देशन नं.३/०७३ मा बुँदा नं. ८ थप गरिएको सम्बन्धमा ।

   हरेक संस्थाले सूचना प्रविधि सम्बन्धमा आकस्मिक सहायता समूह (Information Technology Incident Response Team) गठन गरी कार्यान्वयनमा ल्याई सोको जानकारी नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागमा गराउनु पर्नेछ ।

४. अ.प्रा.निर्देशन नं.३/०७३ मा बुँदा नं. ९ थप गरिएको सम्बन्धमा ।

   संस्थाको प्रणालीमा कुनै किसिमको साइबर आक्रमण, शंकास्पद गतिविधी वा अनाधिकृत पहुँच भएमा अविलम्ब सोको जानकारी नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागमा गराउनु पर्नेछ ।

भवदीय,

बम बहादुर मिश्र

(कार्यकारी निर्देशक)

**बोधार्थ:**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग
९. श्री नेपाल बैंकर्स संघ, कमलादी, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, अनामनगर काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रहरु ।